मुख्यमन्त्री

कोशी प्रदेश, विराटनगर, नेपाल

**शुभकामना**

इस्लाम धर्मावलम्बीहरुको महान् पर्व (ईद-उल-फित्र) २०८० को सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुसहित सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

विभिन्न धर्म, संस्कृति, भेषभूषा, रहनसहन र पहिचानको विविधिताले सम्पन्न हाम्रो मुलुकमा हरेक जातजाति र धर्मका आ-आफ्नै मौलिक संस्कृति र पहिचान छन् । नेपाल लगायत विश्वका विभिन्न मुलुकमा रहेका इस्लाम धर्मावलम्बीहरुले मनाउने ईद (ईद-उल-फित्र) चाडको पनि आफ्नो छुट्टै पहिचान, मौलिकता र विशिष्टता रहेको छ ।

इस्लाम धर्मावलम्बीहरुको महान चाड 'ईद उल फित्र' पवित्र रमजानको एक महिने कठोर उपसानपछिको अन्तिम दिनमा पर्दछ । यो दिन पर्व मनाउन आकाशमा देखिने चन्द्रमाको आकार महत्वपूर्ण हुन्छ । एक महिनाको उपवासपछि साँझमा अर्धचन्द्रकार चन्द्रमा आकाशमा देखिएमा रमजान महिनाको कठिन ब्रत समापन हुने र 'ईद उल फित्र' पर्व प्रारम्भ हुने गर्दछ ।

मुस्लिम समुदायले मनाउने यो पर्व एउटा उत्साह र समानाताको प्रतिक पनि हो । जहाँ परिवार र समुदायका हरेक व्यक्ति चाहे धनी हुन् वा गरिब आपसमा मुस्कान र सदाचारका शुभेच्छासहित एक अर्कामा अङ्गालोमा बाँधिएर शुभकामना आदान प्रदान गर्दछन् । मुस्लिम समुदायमा आपसी सद्भावको चाडको रुपमा मनाइने यो पर्वले सबै नेपाली बीच बन्धुत्वको भावना बढाउन, सामाजिक सद्भाव अभिवृद्धि गर्न तथा सहकार्यको बाटोमा अघि बढ्न प्रेरित गरेको छ । यो पर्वले आगामी दिनमा हामी सबै प्रदेशवासीहरुलाइ पनि आपसी सद्भाव र प्रेमका साथ सहकार्यको मार्गमा अघि बढ्न प्रेरणा प्रदान गरोस् ।

हाम्रा जुनसुकै पर्वहरु राष्ट्रिय एकताको माध्यम बन्न सकोस् र यी पर्वहरुबाट सबैमा एकताको भावना विकास गराउन सहयोग पुगोस् भन्ने अपेक्षासहित फेरी पनि विश्वभरि फैलिएर रहेका मुस्लिम दाजुभाइ, दिदीबहिनीहरुसहित सबै नेपालीहरुमा 'ईद-उल फित्र'का अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मिति: २०८० बैशाख ९ गते शनिवार

..............................

हिक्मतकुमार कार्की

मुख्यमन्त्री